मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश

**मिति २०८०/०१/२४ गते बसेको ५७ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०१/२४ गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विजय कुमार महतो | -सचिब |

**प्रस्ताब न.१. शोक प्रस्ताव पारित गर्ने एवं अक्षय कोष स्थापना गर्ने सम्वन्धमा ।**

निर्णय

यस मिचैया नगरपालिकाको नगर कार्यपालिका सदस्य श्री राम वृक्ष महरा ज्यूको उपचारको क्रममा यही मिती २०८० वैशाख २२ गते शुक्रबारका दिन विहान करिब ९.४५ बजे हृदयघातका कारण असामयिक निधन भएकोमा नगर कार्यपालिका परिवार अत्यन्त मर्माहत भएका छौ। वहाको निधनबाट नगरपालिकाले शालीन तथा कुशल जन प्रतिनिधि एवं असल अभिभाबक गुमाएका छौ ।यस दुखद घडीमा नगरपालिका परिवार वहाप्रति हार्दिक भाबपूर्ण श्रदान्जली अर्पण गर्दछौ । साथै निजको सम्झनामा आधारभूत बिद्यालय हटलेटवामा ५ लाखको अक्षयकोष स्थापना गर्ने र निजको सम्झनामा शोकसभा मानाउन मिति २०८०/०१/२५ गते यस नगरपालिका लगायत सम्पूर्ण कार्यालय १ दिन सार्बजनिक बिदा दिने निर्णय गरियो।

**प्रस्ताब न.२. आर्थिक,प्रशासनीक सहितको जिम्मेवारी तोकी कामकाज गर्न मांग गर्ने सम्बन्धमा ।**

निर्णय

यस नगरपालिकामा बिगत ३ महिना देखि प्रमुख प्रशासकिय अधिकृत नहुदा कर्मचारीको तलब भत्ता भुक्तानी हुन् नसकेको ,आर्थिक कारोबार ठप्प हुदा दैनिक कार्य संचालन लगायतका कार्यहरु समस्या भएको हुँदा सो को ब्यबस्थापनका लागि हाल निमित्त प्रमुख प्रशासकियको जिम्मेबारीमा कार्यरत रहनु भएका श्री विजय कुमार महतो सी.अ.हे.ब अधिकृत छैटो ( क.स.न.१७२७२५ )लाई आर्थिक ,प्रशासनिक जिम्मेवारी सहितको कामकाज गर्ने गरि अर्को व्यवस्था नभए सम्मको लागि तोकी पठाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमाडौंमा सिफारिस सहित अनुरोध गरि पठाउने निर्णय गरियो ।